ICFC

प. सं. आइ.सि.एफ.सि./०७८-०७९/प्र.शा./०२१३

मिति : २०७८/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवारप्लाजा, काठमाण्डौ ।

**बिषय : अठारौं वार्षिक साधारण सभाको निर्णय सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस संस्थाको २०७८ साल पौष ०५ गतेका दिन सम्पन्न अठारौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

संलग्न:-
१ थान अठारौं बार्षिक साधारण सभाको निर्णय (माइन्युट)

भबदिय,

ICFC FINANCE LIMITED ICFC

.................................
लक्ष्मणप्रसाद जैसी
कम्पनी सचिव

बोधार्थ :
श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

# आइ.सि.एफ.सि.फाइनान्स लिमिटेडको
# मिति २०७८ पुस ०५ गते सोमबारका दिन सम्पन्न भएको
# अठारौं वार्षिक साधारण सभाको निर्णय माइन्युटको विवरण

भाटभटेनी, काठमाण्डौ ।

**आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको**
**अठारौं वार्षिक साधारण सभाको**
**निर्णयको विवरण**

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको अठारौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री रामबाबु पन्तज्यूको सभापतित्वमा देहाय बमोजिम गरी सम्पन्न भयो।

१) **सभा भएको मिति, समय र स्थान**
मिति : २०७८ पुस ०५ गते सोमबार (तद्‌नुसार डिसेम्बर २०, २०२१)
समय : बिहान १०:०० बजे।
स्थान : आम्रपाली ब्यांक्वेट, थिरवम सडक, भाटभटेनी, काठमाण्डौ ।

२) **सभाको सूचना प्रकाशन**

(क) यस कम्पनीको मिति २०७८/०८/०७ गते मंगलबारका दिन बसेको सञ्चालक समितिको २८८औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७८ मंसिर ०९ गते र २०७८ मंसिर २४ गते क्रमश: कारोबार राष्ट्रिय दैनिक र राजधानी राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा अठारौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको।

(घ) साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको।

(ङ) साधारण सभामा आमन्त्रित भई दिनका लागि बाह्य लेखापरीक्षक श्री एस.ए.आर. एसोसिएट्स र कानूनी सल्लाहाकार अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमलाई अनुरोध गरिएको।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु**

**क. सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने।

३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ४ प्रतिशतका दरले हुने नगद लाभांश रु.४,०९,७०,६३२/- (अक्षेरुपी चार करोड नौ लाख सत्तरी हजार छ सय बत्तिस मात्र) (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने।

४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०७८/७९ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक एस.ए.आर एसोसिएट्स पुन:नियुक्ति हुन योग्य हुनुहुन्छ।)

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १० प्रतिशतका दरले हुने रु.१०,२४,२६,५८०/- (अक्षेरुपी दश करोड चौबिस लाख छब्बिस हजार पाँच सय असि मात्र) बराबरको



ICFC FINANCE LIMITED ICFC

बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र बोनश शेयर जारी गर्दा वित्तिय संस्थाको प्रस्तावित जारी तथा चुक्ता पूँजीको भिन्न अंकलाई रु. १००/- ले बिभाजन हुने पूर्ण अंकमा समायोजन गरी जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही अनुसार प्रबन्धपत्र संशोधनलाई स्वीकृत गर्ने ।

२. कम्पनीको प्रबन्धपत्रको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

## ग. विविध

### ४) सभामा उपस्थिति

**(क) संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री रामबाबु पन्त | अध्यक्ष |
| डा. विरेन्द्रकुमार साह | सञ्चालक |
| श्री अच्युतराज आचार्य | सञ्चालक |
| श्री टंकराम गौतम | सञ्चालक |
| श्री विपीनकुमार रेग्मी | सञ्चालक |

**(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री कल्पना कुमारी बर्तौला, सहायक रजिष्ट्रार
२. अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतम, (कानूनी सल्लाहकार)
३. श्री एस.ए.आर. एसोसिएट्स (सिए सुनिरकुमार ढुङ्गेल, चार्टर्ड एकाउन्टेन्ट्स)
४. श्री सुनिल पन्त, प्रमुख कार्यकारी अधिकृत
५. श्री अमित श्रेष्ठ, नायव प्रमुख कार्यकारी अधिकृत
६. श्री लक्ष्मणप्रसाद जैसी, कम्पनी सचिव तथा नायव महाप्रबन्धक
७. श्री संजय थपलिया, बरिष्ठ प्रबन्धक
८. श्री पुजा जोशी, नायव प्रबन्धक
९. श्री सागरनिधि तिवारी, नायव प्रबन्धक
१०. श्री नविन पौडेल, नायव प्रबन्धक
११. श्री राजेश सुवेदी, नायव प्रबन्धक

**(ग) शेयरधनीको उपस्थिति**

| | |
|---|---|
| (क) शेयरधनी स्वयं | ११० |
| (ख) प्रोक्सीबाट | ५२ |
| **जम्मा उपस्थित** | **१६२** |

### ५) सभाको गणपुरक संख्या

| शेयर तथा शेयरधनी | जम्मा शेयर, शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | शेयरको प्रतिनिधित्व (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | १,०२,४२,६५८ | २१,१५,१६४,३५ | ३२,३१,४४४।३९ | ५४,४६,६०८।७४ | ५३.१८ |
| शेयरधनी | १६९१३ | ११० | ५२ | १६२ | ०.९६ |

### ६) सभाको वैधानिकता

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली बमोजिम कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरवालाहरु मध्ये तीन जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थिति हुनुपर्ने प्रावधान अनुसार कम्पनीको अठारौं वार्षिक साधारण सभामा कूल शेयर संख्या मध्ये ५३.१८ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने ११० जना शेयरधनीहरु स्वयं सभामा उपस्थित भएको र ५२ जना प्रतिनिधि मार्फत उपस्थित भई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा संचालन गर्नका लागि गणपुरक संख्या पुगी सभा वैधानिक रहेको कुरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो । साथै



ICFC FINANCE LIMITED
ICFC

सभाको सभापतित्व गर्नका लागि कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री रामबाबु पन्तज्युलाई सभाको सभावतित्व ग्रहण गरिदिन अनुरोध गर्नुभयो ।

७) **सभाको सभापतित्व**

वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम संचालक समितिका अध्यक्ष श्री रामबाबु पन्तज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक समेतलाई सभास्थलको मञ्चमा आई बस्न कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरु समेतले आसन ग्रहण गर्नुभयो ।

८) **सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती**

सभापति महोदयले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै अठारौं वार्षिक साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो । यसरी सभाको कार्यक्रम अघि बढाउने क्रममा सभापति महोदयले सञ्चालक समितिको तर्फबाट अठारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण संक्षिप्त रुपमा सभामा प्रस्तुत गर्नुभयो तथा शेयरधनी महानुभावहरुलाई प्रतिवेदनमा छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

९) **अठारौं वार्षिक प्रतिवेदन तथा वित्तीय विवरणको प्रस्तुति**

सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनीको अठारौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसुचीहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

१०) **छलफलको लागि आह्वान**

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/७८ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन अनुरोध गर्नुभयो ।

११) **छलफलमा सहभागी हुने शेयरधनीहरु र नीजहरुले व्यक्त गरेका धारणाको संक्षिप्त विवरण:**

**१. श्री शत्रुधन श्रेष्ठ** : फाइनान्स कम्पनीहरु मध्ये यस फाइनान्स कम्पनीले यस वर्ष वार्षिक साधारण सभा गर्ने पहिलो फाइनान्स कम्पनी हुन सफल भएको छ । यस फाइनान्सले स्थापनाकाल देखि हाल सम्म १८७ प्रतिशत प्रतिफल दिइसकेकोमा धन्यबाद दिनु भयो । Covid-19 मा समेत १४ प्रतिशत लाभांश दिनु सराहनीय छ । यस कम्पनीको भविष्य राम्रो भएकोले यस फाइनान्सको शेयरमा लगानी गर्नु Safe छ । सामाजिक उत्तरदायित्वमा यस फाइनान्सले गरेको योग्दान सराहनीय छ ।

**२. श्री अमिरदास रञ्जित** : उपस्थित सबैलाई सम्बोधन गर्दै साधारणसभा समयमै गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यबाद दिनु भयो । Covid-19 मा समेत १४ प्रतिशत लाभांश दिनु राम्रो हो, यसलाई भविष्यमा पनि निरन्तरता दिनुहुने छ भन्नेमा आशाबादी छौं । Business Growth पहिले भन्दा अहिले बढेको छ । यस फाइनान्सको कर्जा प्रवाह राम्रो छ । यस फाइनान्सको निक्षेप बलियो छ । Social Media मा विज्ञापन गर्न ध्यान पुऱ्याउन भन्नुभयो ।

**३. श्री अमृतनाथ रेग्मी** : उपस्थित सबैलाई सम्बोधन गर्दै साधारणसभा समयमै गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यबाद दिनु भयो । कम्पनीले मुख्य तीन कुरामा जोड दिंदा राम्रो होला भन्नु भयो । शेयर होल्डर फण्डलाई बढाउन, डिबेन्चर थारै रहेछ यसलाई ध्यान दिन, र Investment in Securities बढाउनु पर्ने देखिन्छ । यस फाइनान्सको Deposit Structure, कुल कर्जा, कुल ब्याज आम्दानी राम्रो रहेको छ । कम्पनीको NPA एक प्रतिशत भन्दा तल राख्न सुझाव दिनु भयो ।



ICFC FINANCE LIMITED ICFC

**४. श्री चन्द्रनारायण श्रेष्ठ :** निरन्तर राम्रो नाफा दिन सफल भएकोमा आगामी दिनमा अझै राम्रो नाफा कमाउन सफलताको कामना गर्नु भयो । Management Team ले सम्पूर्ण कर्मचारीहरुलाई सहि तरिकाले परिचालन गरेको देखिन्छ । आगामि दिनहरुमा अझ राम्रो प्रगतीको आशा गर्दै निरन्तर आफ्नो शेयरधनीहरुलाई राम्रो प्रतिफल दिएकोमा संचालक समिति तथा सम्पूर्ण कर्मचारीहरु लाई धन्यवाद दिनु भयो ।

**५. श्री इन्द्रप्रसाद श्रेष्ठ :** उपस्थित सबैलाई सम्बोधन गर्दै साधारणसभा समयमै गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यबाद दिनु भयो । अठारौं साधारण सभामा १८% बोनस शेयर दिएको भए धेरै राम्रो हुने थियो भन्नुभयो । महिला कर्मचारीलाई प्रोत्साहन गर्नु अगाडी बढाउनु कम्पनीको राम्रो पक्ष देखियो । कोरोनाको जोखिममा पनि आइ.सि एफ.सि फाइनान्सले पुऱ्याएको योगदान र सहयोग गरेकोमा धन्यबाद दिनुभयो । पाँच बर्ष पछाडी बाँकी रहको नगद लाभाशं बारे शेयरधनीलाई जानकारी गराउन आग्रह गर्नुभयो । संस्थाको शाखा कार्यालय विस्तार गर्नुपर्ने देखिन्छ भन्नुभयो ।

**६. श्री दामोदरप्रसाद रेग्मी :** व्यवस्थापन तथा यस फाइनान्सका कर्मचारीहरुलाई धन्यबाद दिनुभयो । आइ.सि.एफ.सि फाइनान्स लि. मा लगानी गर्न धेरै राम्रो रहेको यस फाइनान्सले हरेक बर्ष लगानीकर्ताहरुलाई उच्चतम प्रतिफल दिई रहेको भन्नुभयो । ब्याज आम्दानी राम्ररो रहेको छ । नयाँ सिस्टम र नयाँ तरिकले अगाडी बढदै जान भन्नुभयो ।

**७. श्री रोजकुमार श्रेष्ठ :** फाइनान्सहरु मध्य आइ.सि.एफ.सि. फाइनान्स एक सक्रिय फाइनान्स रहेको छ । बोनस राम्रो दिँदै आएको छ । अझै राम्रो गर्दै जाओस भन्ने कामना गर्नुभयो । वासलात अरु फाइनान्स कम्पनी भन्दा यस फाइनान्स कम्पनी राम्रो रहेकोछ भन्नुभयो ।

८. **श्री शिवप्रसाद पौडेल::** फाइनान्स कम्पनीहरु मध्ये यस फाइनान्स कम्पनी वार्षिक साधारण सभा गर्ने पहिलो फाइनान्स कम्पनी हुन सफल भएको छ । अठारौं वार्षिक साधारण सभाको प्रतिवेदन पुरै नेपाली भाषामा राख्न भन्नु भयो । सामाजिक उत्तरदायित्व अर्न्तगत खर्च गर्दा आफ्नो ब्राण्ड प्रबंधन हुने गरि कार्यहरु गरेमा कम्पनीको राम्रो विज्ञापन समेत हुने तर्फ ध्यान दिन सुझाव दिनुभयो ।

९. **श्री बह्मदेव शाक्य:** उपस्थित सबैलाई सम्बोधन गर्दै साधारणसभा समयमै गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यबाद दिनु भयो । पूँजी बजारमा यस संस्थाको नाम राम्रो संस्थाको रुपमा लिने गरिएको छ । संस्थागत सुशासन राम्रो रहेको भन्नुभयो ।

१०. **श्री नरसिंहलाल चखूँ :** वासलात राम्रो छ, लगानिकर्ताको हित हुने गरि प्रतिफलमा ध्यान दिएको देखिन्छ । EPS मा प्रगति भएको देखिन्छ । Assets Quality राम्रो देखिएतापनि NPA बृद्धि तर्फ बिशेष ध्यान दिन सुझाव दिनुभयो । Growth policy मा अब नौलो कामहरु गर्न सुझाव दिनुभयो ।

१२. **सभापतिज्यूको प्रतिउत्तर:**

सभापतिज्युको आज्ञाले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री सुनिल पन्तले वार्षिक साधारण सभालाई सार्थक तथा जीवन्त बनाउन शेयरधनी महानुभावज्यूहरुले दिनुभएको सुझावहरुको सराहनीय गर्दै उहाँहरुलाई आफ्नो बहुमुल्य समय निकाली साधारणसभामा सक्रीय भाग लिइदिनु भएकोमा धन्यवाद दिँदै सभामा उठेका जिज्ञासाहरुको बुँदागद जबाफ दिनुभयो तथा शेयरधनीहरुको जिज्ञासा र सुझावहरुमा विस्तृत रुपमा विवेचना गरी शेयरधनीहरुको रचनात्मक सुझावहरु क्रमशः लागू गर्ने जानकारी गराउनु भयो ।

१३) **सभाका निर्णयहरु**

क. **साधारण प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. **आर्थिक वर्ष २०७७/०७८ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने :-** अठारौं वार्षिक साधारणसभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत



ICFC FINANCE LIMITED ICFC

गर्नुभएको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् पारित गरी दिन सभापति महोदयले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने :-** सभापतिज्युले पेश गर्नुभएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरियो र सर्वसम्मतिबाट पारित गरियो ।

३. **संचालक समितिबाट सिफारिस गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको ४% ले हुन आउने रु.४,०९,७०,६३२/- ( अक्षेरुपी चार करोड नौ लाख सत्तरी हजार छ सय बत्तिस मात्र ) (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने :-** सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०७८ आषाढ मसान्तको नाफाबाट रु.४,०९,७०,६३२/-(बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) नगद लाभांश शेयरधनीहरुमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७८/७९ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक एस.ए.आर एसोसिएट्स पुनःनियुक्ति हुन योग्य हुनुहुन्छ ।):-** आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षक **श्री एस.ए.आर.एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टसलाई** लेखापरीक्षण शुल्क वापत रु.७,००,०००/- ( अक्षेरुपी सात लाख मात्र) (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गर्न सिफारीस गरेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सो उपर छलफल हुँदा लेखापरीक्षण समितिको सिफारिस अनुसार **श्री एस.ए.आर.एसोसिएट्स,चार्टर्ड एकाउन्टेन्टसलाई** लेखापरीक्षण शुल्क वापत **रु.७,००,०००/- (अक्षेरुपीः- सात लाख मात्र) (भ्याट बाहेक)** प्रदान गर्ने गरी आ.व. २०७८/७९ को बाह्य लेखापरीक्षकमा पुनःनियुक्त गर्न सर्वसम्मतिबाट पारित गरियो ।

ख. विशेष प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु

१. **संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १०% प्रतिशतका दरले हुने रु.१०,२४,२६,५८०/-( अक्षेरुपी दश करोड चौबिस लाख छब्बिस हजार पाँच सय असि मात्र ) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र बोनश शेयर जारी गर्दा वित्तिय संस्थाको प्रस्तावित जारी तथा चुक्ता पूँजीको भिन्न अंकलाई रु. १००/- ले बिभाजन हुने पुर्ण अंकमा समायोजन गरी जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही अनुसार प्रबन्धपत्र संशोधनलाई स्वीकृत गर्ने :** संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पूँजीको १०% प्रतिशतका दरले हुने रु. १०,२४,२६,५८०/- बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र बोनश शेयर जारी गर्दा वित्तीय संस्थाको प्रस्तावित जारी तथा चुक्ता पूँजीको भिन्न अंकलाई रु. १००/- ले बिभाजन हुने पुर्ण अंकमा समायोजन गरी रु.१०,२८,४९,४००/– जारी तथा चुक्ता पूँजी बृद्धि गर्ने र सोही अनुसार प्रबन्धपत्र संशोधनलाई स्विकृती प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

२. **कम्पनीको प्रबन्धपत्रको प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन प्रदान गर्ने :** कम्पनीको प्रबन्धपत्रमा हुने संशोधन गर्ने तथा उक्त संशोधन नियमनकारी निकायले फेरबदल गर्न सुझाब वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

ICFC FINANCE LIMITED ICFC

ग. **विविध**

१४) **धन्यवाद ज्ञापन तथा सभाको बिसर्जन**

अन्त्यमा सभापतिज्यूले सभामा छलफल गर्नुपर्ने अन्य प्रस्ताव नभएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनुभयो । त्यसै गरी कम्पनीको अठारौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण कर्मचारी वर्ग लगायत व्यवस्थापन टोली, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा लेखापरीक्षक, कानूनी सल्लाहकार लगायत सम्पूर्ण संचालकहरुले पुऱ्याउनु भएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभापतिज्यूले अपरान्ह १२:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

ICFC FINANCE LIMITED

(लक्ष्मणप्रसाद जैसी)
कम्पनी सचिव

(रामबाबु पन्त)
सभापति